लहान नगरपालिका

लहान,सिरहा

मधेश प्रदेश,नेपाल

प्रमाणीकरण मितिः२०८१/०३/११

"लहान नगरपालिकाको सामुदायिक विद्यालय समायोजन,दरबन्दी मिलान तथा आन्तरिक काज सम्बन्धी कार्यविधि २०८१"

प्रस्तावनाः

सामुदायिक विद्यालय समायोजन,दरवन्दी मिलान तथा आन्तरिक काजमा खटाउने सम्वन्धी व्यवस्थित गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४को परिच्छेद ३ को दफा ११ को उपदफा (ज)तथा लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५संसोधन सहित)मा उल्लेख भएको व्यवस्था कार्यान्वयनका लागि लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५(संसोधन सहित)को दफा ५४(१) को अधिकार प्रयोग गरि लहान नगरपालिकाको सामुदायिक विद्यालय समायोजन,दरबन्दी मिलान तथा आन्तरिक काज सम्बन्धी कार्य व्यवस्थापनका लागि यो कार्यविधि तयार गरिएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "लहान नगरपालिकाको सामुदायिक विद्यालय समायोजन, दरबन्दी मिलान तथा आन्तरिक काज सम्बन्धी कार्यविधि २०८१"रहेको छ ।

ख. यो कार्यविधि लहान नगरपालिकाको क्षेत्रभित्रको विद्यालयहरुमा लागु हुनेछ ।

ग. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क. "शिक्षक"भन्नाले सामुदायिक विद्यालयमा कार्यरत स्थायी,अस्थायी,राहत,अनुदान, संघीय अनुदान, सावीक उच्च मा.वि.अनुदान, नगर स्वयम् सेवक तथा प्रधानाध्यापक,वालविकास सहजकर्तालाई समेत बुझ्नु पर्दछ ।

ख. "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीलाई जनाउछ ।

ग. "वालविकास सहजकर्ता" भन्नाले वालविकास कक्षा/केन्द्रमा कार्यरत संघीय तथा न.पा.अनुदानबाट तलव पाउने वालविकास सहजकर्तालाई सम्झनु पर्दछ ।

घ. "नगर शिक्षा समिति" लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५ को दफा ८ बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनु पर्दछ ।

ङ. "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराउने वार्षिक अवधि सम्झनु पर्दछ ।

च. "कार्यालय"भन्नाले लहान नगरपालिका नगरकार्यपालिकाको कार्यालय बुझ्नुपर्दछ ।

छ. "विद्यालयको समायोजन" भन्नाले विद्यालय गाभ्ने,ठाउँ सार्ने, बन्द गर्ने, तह/ कक्षा घटाउने वा बढाउने बुझ्नुपर्छ ।

ज. "विद्यालय" भन्नाले प्रचलित कानुन वमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

Scanned with OKEN Scanner

झ. "नगरपालिका" भन्नाले लहान नगरपालिका बुझ्नु पर्दछ ।

ञ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ट. "शिक्षा शाखा"भन्नाले लहान नगरपालिका अन्तर्गतको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

ठ. "शिक्षा शाखा प्रमुख" भन्नाले शिक्षा शाखा प्रमुखको रुपमा काम गर्न तोकिएको कर्मचारीलाई जनाउछ। ।

ड. "दरवन्दी मिलान" भन्नाले स्थायी, अस्थायी, राहत, करार,शिक्षण सिकाई अनुदान, नगर स्वयम् सेवक शिक्षक, विद्यालयमा कार्यरत बालविकास सहजकर्ता,शिक्षक,प्रध्यानाध्यापक तथा कर्मचारीको दरवन्दी मिलाउने कार्य सम्झनु पर्दछ ।

ढ. "काज खटाउने" भन्नाले दरबन्दी साविककै विद्यालयमा रहने गरि प्रधानाध्यापक, अस्थायी, करार, राहत, स्वयम सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाई अन्य विद्यालयमा काज खटाएको बुझ्नु पर्दछ ।

३.विद्यालय तथा तह/कक्षा समायोजनका आधारहरुः

देहायको मध्ये जुन सुकै अवस्थामा विद्यालय समायोजन,विद्यालयको तह तथा कक्षा घटुवा गर्न सकिने छ।

क) विद्यालयमा विद्यार्थी संख्या न्यून भएमा (प्रति कक्षा २० जना भन्दा कम) विद्यालय समायोजन,विद्यालयको तह तथा कक्षा घटुवा गर्न सकिने छ।

ख) सेवा क्षेत्र भित्र नजिक (हिडेर आधा घण्टा भन्दा कम) अर्को सामुदायिक विद्यालय सञ्चालनमा रहेको भएमा ।

ग) दुई वा दुई भन्दा बढी विद्यालयले संयुक्त रुपमा वि.व्य.स.को निर्णय सहित समायोजनका लागि संयुक्त निवेदन नगर शिक्षा समितिमा पेश गरेमा ।

घ) विद्यार्थी संख्या, शिक्षक संख्या, सञ्चालित कक्षा, भौगोलिकता र उपलब्ध स्रोत साधन समेतको आधारमा माथिल्लो कक्षा सञ्चालन गर्न नसकिने अवस्था देखिएमा ।

ङ) विद्यालय अनुगमनका क्रममा विद्यालयको शैक्षिक गतिविधि सन्तोषजनक नदेखिएमा।

च) विद्यालयको शैक्षिक गुणस्तर सन्तोषजनक नभएमा ।

छ) विद्यालय समायोजन,कक्षा तथा तह घटुवा गर्दा विद्यालयमा पठनपाठनको गुणस्तर अभिवृद्धि हुने अवस्था नभएमा, शिक्षकको व्यवस्थापन,विद्यालयमा स्रोत साधनको व्यवस्थित र उचित प्रयोग नहुने देखिएमा ।

४.समायोजन विद्यालयको व्यवस्थापन सम्बन्धमा :

क) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन भएमा समायोजन पश्चात उक्त विद्यालयको भौतिक पूर्वाधार लगाएतका अन्य स्रोत साधनको संरक्षण गर्ने मुख्य जिम्मेवारी नगरपालिका,सम्बन्धित वडा कार्यालय तथा गाभिएको विद्यालयको हुनेछ। यस सम्बन्धी थप व्यवस्थापन प्रचलित कानुन बमोजिम हुनेछ ।

ख) दुई वा दुई भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन पश्चात उक्त विद्यालयका शिक्षक,बालविकास सहजकर्ता तथा कर्मचारीहरु नगरपालिकामा पुल दरवन्दीमा राखेर वा नराखी अन्य विद्यालयमा दरबन्दी सहित मिलान गरिने छ ।

ग) तल्लो तह वा कक्षा घटुवा भएको विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान नगरपालिका भित्रको अन्य सामुदायिक विद्यालयमा गर्न सकिने छ।

Scanned with OKEN Scanner

घ) तल्लो तह वा कक्षा घटुवा भएको विद्यालयहरुमा कार्यरत शिक्षक,बालविकास सहजकर्ता तथा कर्मचारीहरु नगरपालिकामा पुल दरबन्दीमा राखेर वा नराखी शिक्षक तथा कर्मचारीहरु आवश्यक रहेको विद्यालयमा दरबन्दी सहित मिलान गर्न सकिने छ ।

ङ) तल्लो तहमा समायोजन भएको अवस्थामा समायोजन भएको शैक्षिक सत्रमा माध्यमिक तहको कक्षा ९ मा मात्र भर्ना बन्द गरी कक्षा १० को लागि समायोजन भएको वर्ष यथावत विद्यालयमा कक्षा सञ्चालन गर्न दिनु पर्नेछ ।

च) तल्लो तह वा कक्षामा समायोजन भएको विद्यालयको नामाङ्कनमा फेरवदल गरिने छैन ।

५.माथिल्लो कक्षा सञ्चालन हुन सक्नेः

क) एक शैक्षिक सत्रमा तह वा कक्षा घटुवा वा तह समायोजन भएको विद्यालयमा अर्को शैक्षिक सत्रमा विद्यार्थी संख्या, शिक्षक संख्या र श्रोत साधन उपलब्ध भई माथिल्लो कक्षा सञ्चालन हुन सक्ने आवश्यक र उपयुक्त वातावरण भएमा तह वा कक्षा घटुवा वा तह समायोजन भएका विद्यालयहरूलाई घटुवा भएको कक्षा सञ्चालन गर्न पुनःअनुमति दिन सकिने छ।

६.दरबन्दी मिलान तथा काजमा खटाउने आधारहरुः

देहायको जुन सुकै अवस्थामा दरबन्दी मिलान गर्न सकिने छ ।

क) विद्यालयका विद्यार्थी संख्या (प्रति कक्षा २० भन्दा कम भएमा), शिक्षक संख्या (आधारभूत तहमा अनुपात १:२५)तथा माध्यमिक तहमा अनुपात १:५०),सञ्चालित कक्षा, भौगोलिकता र उपलब्ध स्रोत साधन समेतको आधारमा विद्यालय समयोजन तथा प्रधानाध्यापक,शिक्षक,बालविकाससहजकर्ता,विद्यालय कर्मचारीको दरबन्दी मिलान गर्न तथा काजमा खटाउन सकिने छ।

ख) विद्यालय समायोजन भई कोटा कट्टा भएको नगर स्वयम् सेवक शिक्षक आवश्यकताको आधारमा उक्त कोटालाई स्थानान्तरण (मिलान) गर्न र कोटा आवश्यक नभएको हकमा कोटा कट्टा गर्न सकिनेछ।

ग) आन्तरिक काजमा खटाउदा आधारभूत तह(कक्षा १-५)को हकमा शिक्षक विद्यार्थी अनुपात र आधारभूत तह(कक्षा ६-८) र माध्यामिक तहको हकमा शिक्षक विद्यार्थी अनुपातका साथै विषयगत आधारमा आन्तरिक काजमा खटाउन सकिने छ ।

घ) विशेष क्षमता भएको अपाङ्गता तथा गम्भिर प्रकृतिको विरामी शिक्षक तथा कर्मचारीलाई काजमा खटाउदा सकेसम्म पाएक पर्ने विद्यालयमा खटाउन सकिने छ ।

ङ) तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगरेको भनी सम्वन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयवाट सिफारिस भएमा जुनसुकै वखत उक्त प्रधानाध्यापक, शिक्षक तथा बालविकास सहजकर्ता, कर्मचारीहरुलाई काजमा खटाउने तथा प्रधानाध्यापकको जिम्मेवारी फेरवदल गर्न सकिने छ।

च) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा ।

छ) कुनै शिक्षकले कार्यरत विद्यालयमा विद्यार्थीमा प्रभावकारी शिक्षण सिकाई गरि उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा।

ज) विद्यालय समायोजन तह तथा कक्षा घटुवा भई उक्त विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई दरबन्दी मिलान गर्नु पर्ने छ ।

झ) दरबन्दी मिलानको क्रममा सम्भव भए सम्म एक कक्षा एक शिक्षक व्यवस्थापन गरिने छ ।

Scanned with OKEN Scanner

ञ) नगरपालिकाको स्रोतबाट तलब भत्ता खानेगरी नियुक्ति भएका शिक्षक कर्मचारीहरुलाई काजमा खटाउदा नगरपालिकाको स्रोतबाटै तलब भत्ता खानेगरी सोही तह र प्रकृतिको दरवन्दीमा मात्र काजमा खटाउन सकिनेछ ।

ट) शैक्षिक गुणस्तर सुधार गर्ने तथा दरवन्दी मिलानको क्रममा नगर भित्रका विद्यालयहरुमा कार्यरत शिक्षक बालविकास सहजकर्ता,कर्मचारीहरुलाई नगर शिक्षा समितिको निर्णय अनुसार दरवन्दी मिलान तथा काजमा खटाउन सकिनेछ ।

ठ) कार्यसम्पादन सम्झौता बमोजिमको कार्यसम्पादन नगरेमा।

ड) विद्यालय समय पालना नगरेमा।

ढ) विद्यालयको शैक्षिक गुणस्तरवृद्दिमा असर पर्ने अभिव्यक्ति दिएमा वा त्यस प्रकारको व्यवहार गरेमा ।

ण) नगरपालिकाको गरिमामा कुनै आँच आउने अभव्यक्ति दिई वा व्यहोरा देखाई जनमानसमा भ्रम फैलाएमा ।

त) विद्यालयमा आफ्नो जिम्मेवारी समयमा सहि तरिकाले पूरा नगरेमा ।

थ) विद्यालय समयमा अन्यन्त्र काम गरेमा ।

द) दरबन्दी मिलान गर्दा माध्यमिक तहमा(९-१२)मा शिक्षक नपुग भएमा आधारभूत तहबाट र आधारभूत तहको(६-८) दरबन्दी नपुग भएमा आधारभूत तह(१-५)बाट कट्टा गरिएको दरबन्दीहरु वितरण गरिने छ ।

ध) नगरपालिकाले शिक्षा क्षेत्रमा लिएको नीति तथा कार्यक्रम कार्यान्वयनमा असहयोग भएमा।

न) लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५को दफा ३२ बमोजिमका कार्य गरेमा।

प) शिक्षा ऐन २०२८,शिक्षा नियमावली २०५९संसोधन सहित) तथा लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५को पालना नगरेमा ।

फ) आचर संहिता पालना नगरेमा ।

ब) विद्यालय व्यवस्थापन समितिसंगको समन्वयको अभावले विद्यालयको शैक्षिक/शैक्षणिक गुणस्तरमा प्रभाव परेमा ।

भ) कार्यसम्पादन सम्झौता सन्तोषजनक नभएमा।

७ प्रधानाध्यापकको जिम्मेवारी सहित काजमा खटाउने सम्बन्धी व्यवस्थाः

क) विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी सहित कुनै विद्यालयको प्रधानाध्यापक वा कुनै शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा खटाउँदा वा कार्यरत विद्यालयमै खटाउँदा निजले पेश गरेको विद्यालय विकास प्रस्ताव,निजको व्यवस्थापकीय कार्य कुशलता र नेतृत्वशीप र शैलीका आधारमा उपयुक्तता हेरी नगर शिक्षा समितिको निर्यानुसार कामकाजमा खटाईने छ ।

ख) दफा ७ को (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका भित्रको शैक्षिक व्यवस्थापन एवं गुणस्तर सुधार गर्ने क्रममा, शिक्षक दरवन्दी मिलान गर्ने क्रममा, शिक्षक विद्यार्थी अनुपात मिलान गर्ने क्रममा आवश्यकताका आधारमा,दफा ६ बमोजिका अवस्था आएमा नगर शिक्षा समितिको निर्णयमाजुनसुकै बखत पनि शिक्षक वा प्रधानाध्यापकहरुलाई एक विद्यालयबाट अर्को विद्यालयमा वा कार्यरत विद्यालयमै प्रधानाध्यापकको जिम्मेवारी दिई खटाउन सकिने छ।

८) खटाईएको विद्यालयमा जाने सम्बन्धमाः

क. काजमा खटाईएको शिक्षकलाई कार्यरत विद्यालयले विदा अभिलेख प्रयोजनार्थ अनुसूची -२बमोजिमको रमाना दिनु पर्ने, खटिएको विद्यालयमा ढिलोमा ३ दिन भित्र गई हाजिरी हुनु पर्ने र उक्त विद्यालयले हाजिर गराइ हाजिर भएको जानकारी अनिवार्य रुपमा ७ दिन भित्र शिक्षा शाखामा दिनु पर्नेछ।

Scanned with OKEN Scanner

ख. काजमा खटिएका तथा दरबन्दी मिलान क्रममा आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउनु पर्ने छ।
ग. काजमा खटिएर जाने र दरबन्दी मिलानको क्रममा मिलान भएको शिक्षकलाई अभिलेख प्रयोजनार्थ रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।
घ. काजमा खटाइएको शिक्षक तथा कर्मचारी खटिएको विद्यालयमा नगएमा,विद्यालयले नपठाएमा,खटिएको विद्यालयले हाजिरी नगराएमा सम्बन्धित शिक्षक र विद्यालय व्यवस्थापन समित, प्रधानाध्यापकलाई लिखित स्पष्टिकरण सोध्नु पर्ने र चित्त बुझ्ने जवाफ समयमा पेश नभएमा नगर शिक्षा समितिले उक्त विद्यालयको दरबन्दी अन्य विद्यालयमा समायोजन/मिलान गर्न,उक्त विद्यालयको खाता रोक्का गर्न,आवश्यक कार्वाही गर्न सक्ने छ ।

९) काजमा खटाउन सकिने थप व्यवस्था:
क. कार्यरत विद्यालयमा असल अभ्यास गरेको,विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरेको तथा विद्यालयको शैक्षिक तथा प्रशासनिक पक्षमा असल अभ्यास गरेको शिक्षक तथा प्रधानाध्यापकलाई उक्त विज्ञताको सेवा अन्य विद्यालयलाई तत्काल आवश्यक भएमा वा कार्यरत विद्यालयमा कार्य सम्पादन सन्तोष जनक नभएमा उक्त शिक्षक तथा प्रधानाध्यापकलाई अन्य विद्यालयमा काजमा खटाउन सकिनेछ ।
ख. शिक्षक तथा कर्मचारीहरुले आचरसंहिता पालना तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणवाट कुनै शिक्षक तथा कर्मचारीलाई सो विद्यालयमा राखिरहदा विद्यालयको शैक्षिक वातावरण तथा शैक्षिक/शैक्षणिक गुणस्तर सन्तोषजनक नहुने अवस्था भएमा ।
ग. कार्यरत विद्यालयमा कार्य सम्पादन सन्तोषजनक नभएमा उक्त प्रधानाध्यापक,शिक्षक वालविकास सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाई काजमा खटाउन सकिनेछ ।
घ. कार्यरत विद्यालयमा शिक्षण कार्य गरिरहँदा कुनै शिक्षकलाई विशेष अफ्ट्यारो रहेको देखिन आएमा निज शिक्षकले सरुवाका लागि निवेदन दिएमा त्यस्ता शिक्षकलाई नगर शिक्षा समितिको निर्णयमा काजमा खटाउन वा दरवन्दी सहित अन्यन्त्र विद्यालयमा खटाउन सकिने छ।

१०.समिति गठन सम्बन्धमा:
क) विद्यालय समायोजन कक्षा तह घटुवा तथा दरवन्दी मिलान र शिक्षकलाई आन्तरिक काजमा खटाउनका लागि आवश्यकता अनुसार नगर शिक्षा समितिले समिति गठन गर्न सक्नेछ ।

११. विद्यालय समायोजन दरबन्दी मिलान तथा आन्तरिक काजमा खटाउने सम्बन्धी अधिकार:
क) यस कार्यविधिमा जुन सुकै कुरा उल्लेख भएता पनि प्रधानाध्यापक,स्थायी,अस्थायी,करार,राहत,स्वयम् सेवक शिक्षक,कक्षा ११ र १२ मा कार्यरत शिक्षक,नीजि कोटामा कार्यरत शिक्षक, प्रारम्भिक वालविकास सहजकर्ता तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाई काजमा खटाउन चाहेमा जुनसुकै वखत नगर शिक्षा समितिको निर्णयले नगर भित्रका जुन सुकै सामुदायिक विद्यालयमा काजमा खटाउन सकिने छ ।
ख) विद्यालयको तह/कक्षा समयोजन/घटुवा गर्ने र दुई वा दुई भन्दा वढी विद्यालय एक आपसमा गाभ्न नगर शिक्षा समितिको निर्णय कार्यपालिकावाट अनुमोदन गराउनु पर्ने छ ।

१२.काजमा खटिएका शिक्षकको दरबन्दी कायम/मिलान सम्बन्धी व्यवस्था:
क. यस कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि नगर शिक्षा समितिको निर्णय बमोजिम विभिन्न मितिमा यस लहान नगरपालिका अन्तर्गतका विभिन्न सामुदायिक विद्यालयहरुमा काजमा खटाईएका वा खटिएका शिक्षक,

Scanned with OKEN Scanner

प्रधानाध्यापक,बालविकास सहजकर्ता,विद्यालय कर्मचारीहरुको दरबन्दी नगर शिक्षा समितिको निर्णयले काजमा खटिएकै विद्यालयमा दरवन्दी कायम/मिलान गर्न सक्ने छ ।

१३.कार्यविधि सम्बन्धी व्यवस्थाः

क. यस कार्यविधिमा उल्लेख नभएका शिक्षक विद्यालय तथा विद्यालय तह समायोजन र दरवन्दी मिलान वा काज सम्बन्धी अन्य व्यवस्था शिक्षा ऐन,२०२८, शिक्षा नियमावली,२०५९,शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ बमोजिम तथा लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७५बमोजिम हुनेछ ।

१४.कार्यान्वयन गर्नुपर्नेः

यो कार्यविधिमा अन्यन्त्र जे सुकै उल्लेख भएता पनि नगर शिक्षा समितिले गरेको निर्णय विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्नुपर्ने छ।

१५.कार्यविधि लागू नहुनेः

कार्यविधिमा उल्लेखित प्रावधानहरु प्रचलित कानुनसँग बाझिएको खण्डमा बाझिएको हकमा प्रचलित कानुन बमोजिम हुने छ।

१६.कार्यविधि संशोधन हुनेः

प्रचलित कानुनमा भएको संशोधन तथा नगरपालिकाले आवश्यक ठानेमा कानुन विपरीत नहुने गरी कार्यविधि संशोधन गर्न सक्ने ।

Scanned with OKEN Scanner

अनुसूची १

दफा ६ को (क) र (ग) सँग सम्बन्धित

लहान नगरपालिकाका विद्यालयहरुमा दरवन्दी भए सम्म देहायका दरबन्दी रहन्छनः

क. पूर्व प्राथमिक विद्यालयः - पूर्व प्राथमिक विद्यालयमा कम्तिमा एक जना शिक्षक ।

ख. आधारभूत (१-५) विद्यालयमा पचास जना सम्म विद्यार्थी भएमा कम्तिमा दुईजना र सो भन्दावढी विद्यार्थी भएमा कम्तिमा तीन जना शिक्षक ।

ग.आधारभूत (१-८) विद्यालयमा ।

१.छ कक्षा देखि आठ कक्षा सम्म संचालन भएको विद्यालयमा निम्न माध्यमिक तहको चार जना शिक्षक ।

२.कक्षा १ देखि ८ सम्म संचालन भएको विद्यालयमा कम्तिमा सातजना शिक्षक।

☐ अंग्रेजी मूल विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको एक शिक्षक।

☐ विज्ञान वा गणित विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको शिक्षक एकजना।

☐ नेपाली विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको शिक्षक एकजना।

☐ सामाजिक अध्ययन अध्ययापन विषय गर्नको लागि प्रमाणपत्र तह उत्तीर्ण गरेको शिक्षक एकजना।

☐ एसएलसी वा सो सरह उत्तीर्ण गरेको तीन जना।

घ माध्यमिक विद्यालयमाः

१. ९ कक्षा देखि १२ कक्षासम्म सञ्चालन भएको विद्यालमा आठ जना शिक्षक।

२. ६ कक्षा देखि १० कक्षा सम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तिमा नौ जना शिक्षक।

☐ अंग्रेजी मूल विषय लिइ स्नातक वा सोसरह उत्तीर्ण गरेको एक शिक्षक।

☐ विज्ञान वा गणित विषय लिइ स्नातक वा सोसरह उत्तीर्ण गरेको शिक्षक एकजना।

☐ नेपाली विषय लिइ स्नातक वा सोसरह उत्तीर्ण गरेको शिक्षक एकजना।

☐ सामाजिक अध्ययन अध्ययापन विषय गर्नको लागि स्नातक वा सोसरह उत्तीर्ण गरेको शिक्षक एकजना।

☐ अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना ।

☐ विज्ञान वा गणित मूल विषय लिइ प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना

☐ अंग्रेजी मूल विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको एक शिक्षक ।

☐ अन्य विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको शिक्षक दुइ जना ।

३. एक देखि दश कक्षा सम्म संचालन भएको विद्यालयमा खण्ड ग को उपखण्ड २ बमोजिमको दरबन्दीमा प्राथमिक तहको कम्तिमा तीन जना शिक्षक रहनेछन् ।

द्रष्टव्यः

दरबन्दी मिलानको क्रममा सम्भव भए सम्म एक कक्षा एक शिक्षक व्यवस्थापन गरिने छ ।

विद्यार्थी संख्या न्युन भएका विद्यालयहरुलाई नजिकको सेवा क्षेत्रमा सञ्चालित विद्यालय सम्म पुग्न सक्ने अवस्थालाई हेरि शैक्षिक गुणस्तर राम्रो भएको नजिकको विद्यालयमा समायोजन गरिने छ ।

Scanned with OKEN Scanner

अनुसूची २

दफा ८ को (क) सँग सम्बन्धित

रमानापत्र

मितिः-.....

पत्रसंख्याः-

च.नं.

श्री.....त्यस विद्यालयमाकाम काजमा खटिनु भएका श्री.....लाई

निजको विवरण सहितको अभिलेख प्रयोजनार्थ यो रमाना पत्र दिई त्यस विद्यालयमा हाजिर हुन पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

१. शिक्षक वा कर्मचारीको नाम थरः-

२. शिक्षक वाकर्मचारी सङ्केत नम्बरः-

३. साविक (क)तह- (ख) श्रेणी :- (ग) पदः-

घ) शिक्षक भए विषयः- (ङ) विद्यालयः-

४. सरुवा भएको (क) निर्णय मितिः-

ख) सरुवा गर्ने कार्यालय :-

ग) तह :- (ख) श्रेणी :- (ग) पदः-

घ) शिक्षक भए विषयः- (ङ) विद्यालयः-

५. बरबुझारथ सम्बन्धी विवरणः-

गरेको नगरेको

६. रमाना हुने मितिः-

७. रमानापत्रको मितिसम्म खर्च भएका विदाः-

क) भैपरी आउने र पर्व विदा..... दिन ।

ख) बिरामी विदा..... दिन ।

ग) प्रसूति विदा..... पटक ।

घ) अध्ययन विदा.....दिन ।

ङ) असाधारण विदा..... दिन ।

च) बेतलवि विदा

८. रमानापत्रको मितिसम्म सञ्चित विदाः-

क) बिरामी विदा..... दिन ।

९. विद्यालयमा रुजू हाजिरी भएको दिन

१०.खाईपाई आएको मासिक :- (क) तलब रु. (ख) तलब वृद्धि रु.

११. तलब भत्ता भुक्तानी लिएको अन्तिम मितिः-

१२. कर्मचारी संचयकोष कट्टी रकमः-

१३. भूक्तानी लिएको उपचार खर्चको रकमः-

१४. तलब वृद्धि हुन शुरु भएको शुरु मितिः-

१५. नागरिक लगानी कोष कट्टि रकमः-

१६. आयकर कट्टि रकमः-

१७. सावधिक विमाकोषमा जम्मा भएको साल ..... महिना ..... गते

१८. सावधिक विमाबापत वार्षिक प्रिमियम तिरेको साल ..... महिना ..... गते

१९. चाड पर्व खर्च लिने चाडको नाम र सो चाड पर्ने तिथि र सम्भावित महिनाः

२० शिशु स्याहार भत्तालिएको विवरण

बोधार्थः-

श्री लहान नगर पालिका शिक्षायुवा तथा खेलकुद शाखा ।

श्री ..... विद्यालय ।

श्री ..... (सम्बन्धित शिक्षक वा कर्मचारी) :- खटिएको विद्यालयमा हाजिर हुन जानु हुन ।

Scanned with OKEN Scanner